श्री राम चन्द्र मिशन ®
For Private Circulation Only
मार्च २०१३ खण्ड २ , अंक ३
ECHOES NEPAL

पुज्य बाबुजी महाराजको ११४ औं शुभजन्म बार्षिकोत्सव

हाम्रो प्रियतम मालिकले पुनः एक पटक हामीर्ल उहाँको शास्वत प्रेमको वर्षा गर्नुभयो र भर्खरै डायमण्ड जुबली पार्क त्रिपुरमा समाप्त भएको पूज्य वाबुजी महाराजको ११४औं जन्म उत्सवमा मिशनको अर्को एक कोसे ढुङ्गा पार गरेर अगाडि लैजानु भयो ।

ब्रदर कमलेश २६ तारिखको दिन त्रिपुरमा आइपुग्नुभयो । उहाँले त्यहाँ तयार भइसकेका केही सुविधा स्थलहरूको उद्घाटन गर्नुभयो ।

२९ तारिखसम्म विहान ६:३० बजे ११:०० बजे र वेलुकी ५:३० गरेर दिनको तीनवटा सत्सङ्ग हुने गरेको थियो । २७ र २८ को दिन विहान ९:०० बजे सबै स्वयंसेवकहरूको लागि विशेष सत्सङ्ग आयोजना गरिएको थियो । २८ तारिखको दिन ब्रदर कमलेशले विहानको सत्सङ्ग पछि पाँचवटा विवाह सम्पन्न गराउनुभयो ।

२६ तारिखको दिन देखि नै अभ्यासीहरू आउँन थाले र स्वयं तिनीहरूसित मिलेर समारोहको अवसरमा सबै सुविधा ठिकठाक रहुन भनेर प्रयासरत भए । पालहरू खाना खाने भान्सा, सुर क्षा, पानीको आपूर्ति, स्नानघर, क्यान्टिन, केटाके टीको केन्द्र, प्रकाशन स्थलहरू सबै संचालन भईर हेका थिए र अभ्यासीहरूका आवश्यकता पूरा गरिरहेका थिए । अभ्यासीहरू जहाँ उनीहरुले आवश्यक्ता देखे त्यहाँ सहायता गरे र एक

बालकले भने जस्तै "मैले स्वयंसेवकहरुलाई हृदयबाट सेवा गरिरहेको पाए ।"

हाम्रा भण्डाराहरूले आध्यात्मिक उच्चता र भौतिक सरलताको कुरा सिकाउँदछन । ब्रदर कमलेशको २९ अप्रिलको भाषणले यसै कुरामा जोड दिएको थियो । उहाँले व्हिस्पर्सबाट प्राप्त वाबुजीका दुईवटा सन्देशरू पेढेर सुनाउनु भयो र मानवताको पूर्ण प्राप्तिको योजनामा अभ्यासीको भूमिकाको बारेमा व्याख्या गर्नुभयो ।

जब २९ तारिखको दिन भिडियो टेलिकाष्टको माध्यमबाट मालिकको भाषण हुने सम्भावनाको बारेमा घोषणा भयो अभ्यासीहरूको हर्षोल्लास स्पष्टसित देखिने किसिमको थियो । त्यसपछि समय त्यस क्षण प्रति बढ्न थाल्यो जब मालिक ध्यानहलको विशाल पर्दामा प्रकट हुनुहुनेछ । अन्त्यमा जब मालिक मणपाक्कमको वाबुजी मेमोरियल आश्रमको ध्यान हलमा प्रवेश गर्नुभयो, हृदयले प्रेमले परिपूर्ण भयो तथा आँखाहरूबाट आँसु वग्न थाले । यो प्रेम र कृतज्ञताको क्षण थियो । त्यसपछि आउँने सत्सङ्ग दिनको पछिल्लो भागमा पढिएको वाबुजी महाराजको विशेष सन्देशले हामीसबैलाई त्यो ईश्वरीय कृपाको स्मरण गरायो जुन मिशन र सबै अभ्यासीहरूलाई जिम्मेवारीका साथ सुम्पिएको छ । वाबुजीको आफ्नो सन्देशमा भन्नुभयो" हृदयको पूर्ण प्रतिवद्धता र कठोर रहित तर निरन्तर अभ्यासको सहयोगले मात्रै आध्यात्मिक, हृदयलाई यसको उच्चतम लक्ष्यमा पुऱ्याउन सक्दछ ।

२८ तारिखको विवाहको साथै ब्रदर कमलेशले २९ तारिखका चारवटा, ३० तारिखमा तीनवटा र १ तारिखमा चारवटा विवाह सञ्चालन गर्नुभयो । सहजमार्ग ढङ्गको यी विवाहहरू सरलताका प्रतिक हुन तथा यिनीहरू बिभिन्न संस्कृति र भाषाको सीमा पार गरेर परिवारहरूलाई एकिकरण गर्ने ढङ्ग हो ।

तेत्तिस हजार अभ्यासीहरू तथा वालवालिकाहरूले यस वर्षको उत्सवमा मात्र लिए । यस ठूलो परिमाणको एउटा परिवारले तीन दिनसम्म हर्षोल्लासको रूपमा बसेँ, यसको लागि क्याम्पमा रहेका निष्ठावान दल धन्यवादको पात्र छन् जसका मालिक सयौं माइल पर बसेर तिनीहरूलाई हृदयबाट हृदयमा निर्देशन दिइरहनुभएको थियो । एउटा व्यक्तिले कसरी त्यस्तो भान्साको वर्णन गर्न सक्दछ जसले औषतमा करिब पच्चीस हजार व्यक्तिलाई दिनको तीन पटक भोज पकाएर पनि शून्य मात्रामा खेरको स्थिति बनाए ? क्याम्समा तेईस वटा सुरक्षा पोष्ट थियो जहाँबाट हाम्रा अभ्यासी भाइहरू तीन शिफ्टमा काम गरिरहेका थिए । वास उपलब्ध गराउने टोलीमा भाइबहिनीहरूले काम सुरु गर्ने पहिलो टोली थियो जसले झन्डै दुई महिना अगाडि देखि काम सुरु गरेका थिए जसले हाम्रो साधनको सिमिततामा रहेर हाम्रो वसाइलाइ

सुविधाजनक बनाए । क्याम्पसमा झिङ्गाहरू नभएको सबैले देख्न सक्दथिए, विशेष गरेर किचेन र क्यान्टिनमा । स्वास्थ घर, सौचालय तथा वासको व्यवस्था गर्ने टिमले एक भएर काम गरेर हामीलाई स्वस्थ र सुविधाजनक वसाइ उपलब्ध गराए । तिनीहरूले सुताई विनाको रात विताए तर हाम्रो सुविधालाइ सुनिश्चित गरे जब कि तिनीहरूले आफ्नो आरामको समय अर्गेनिक सेप्टीट्याकमा प्रयोग गर्ने झोल पदार्थको व्यारलहरूको तथा छुट्टाइएको फोहरहरूको बीचमा विताए । यसको परिणाम यो देखियो कि सन् २०१२ को भण्डारामा चिकित्सालयमा २०२ वटा पेटको वायु सम्बन्धि मामला आएको थियो, यस वर्षयात्रा गदाको झाडाको १०२ वटा मामला मात्रै अभिलेखबाट देखिन्छ र क्याम्पसमा कुनै पनि मामला भएको देखिदैन ।

यसको अर्को कारण खानेपानीलाई RO प्लान्टमा सफाइगरिएको थियो । तिरुप्पुरको गर्मीको कारणले तीन दिनमा ६ लाख RO प्लान्टमा सफा गरिएको खानेपानी र अरू प्रयोगको लागि २४ लाख लिटर पानी खपत भएको थियो । सबैले Wi-Fi भएको ट्र्याभल डेस्कको वाह्रवटा काउन्टर देख्न सक्दथिए जसले अभ्यासीका यात्राका आवश्यकतालाई पूरा गर्द थिए ।

यी उत्सवहरूको अवसरमा थुप्रै प्रकाशनहरू विमोचन भए । केही विशेष प्रकाशनहरू, केही नयाँ पुस्तक तथा भिडियोहरूको साथसाथै विभिन्न भाषाहरूमा पुर्नप्रकाशित यी विमोचनका अङ्कहरू थिए । मिशनका प्रकाशनहरू चयन गर्न थुप्रै सामग्रीहरू उपलब्ध थिए । यसलाई अरू बढाउँदै फोटो ग्यालरीले मालिकका फ्रेम लगाइएका फोटोहरू प्रस्तुत गरेका थिए ।

जहाँ वयस्कहरू सत्सङ्ग तथा अन्य कार्यक्रमहरूमा सहभागि हुन व्यस्त थिए, त्यहाँ नै वालवालिकाहरूलाई तिनीहरूका उमेर समूहका कार्यक्रममा व्यस्त राखिए । १२ वर्ष देखि १७ वर्षसम्मका युवाहरूको लागिकार्यक्रम आयोजना गरिएको पनि पहिलो पटक थियो । तिनीहरूलाई क्याम्पसमा कार्यरत विभिन्न विभागहरूमा भईरहेको काम हेर्न भ्रमण गराइयो ता कि तिनीहरूले भन्डारामा पर्दा पछाडि कसरी काम भइरहेको हुन्छ देख्न सकुन् ।

ब्रदर कमलेशले ZIC र केही CIC हरूको मिटिङ्गलाई अभिलेखालयको टिमलाई सम्बोधन गर्नुभयो । विभिन्न स्वयंसेवक टिमले पनि अगाडिका

केही महिनाहरूमा गरिने कार्यका तिनीहरूको योजनाको विषयमा छलफल गर्ने आदर्श अवसर प्राप्त गरे ।

त्यस्ता थुप्रै व्यक्तिहरू थिए जस्तो वसाइलाई सुविधाजनक बनाउन दिन रात काम गरिरहे । यथार्थ त यो हो कि जे जस्तो कामहरू उत्सवमा सम्पन्न भए तिनीहरूलाई शब्दमा मात्रै व्यक्त गर्न सकिदै न । ब्रदर कमलेशले उहाँको समापन भाषणमा, ति सबै ईश्वरका दुतहरूलाई आफूप्रति कुनै ध्यान आकर्षित नगराई मालिकको इच्छापूर्ति गर्न काम गरेकोमा धन्यवाद दिए । थप आनन्द अन्तिम दिन आयो जब औपचारिक रूपमा नै यो घोषणा गरियो कि प्रियतम मालिकको जन्म दिवस यस वर्ष तिरुप्पुरमा मनाइनेछ । समय फेरि एक पटक उक्त अवसर प्रति उन्मुख हुनु सुरु भएको छ जब हाम्रा प्रियतमले हाम्रो हृदयलाई प्रेमले परिपूर्ण गरिदिनु हुनेछ ।

फेब्रुअरी २०१३

मालिक अत्यन्त व्यस्त हुनुहुन्थ्यो र जसको फलस्वरूप अत्यन्त थकित पनि, प्रत्येक दिन उहाँ प्रशिक्षकलाई सिटिंग प्रदान गरिरहनु भएको थियो र अधिकाँश दिनहरुमा त्यहाँ भएका अभ्यासिहरुलाई पनि सिटिंग दिईरहनु भएको थियो, यस वाहेक उहाँ ब्रदर पिएरेबाट, फ्रान्सका एक अभ्यासी, उहाँको शरीरको पिडाको लागि उपचार गराईरहनु भएको थियो र यसले उहाँको शरीरलाई आराम दिइरहेको थियो, यी सबै काम तथा स्वास्थको दबाबमा समेत मालिकले करिब पचास जना ISTP कार्यक्रमका सहभागीहरुलाई गायत्रिमा आमन्त्रण गर्ने समय पाउँनु भयो ।

उहाँले LMOIS का बाहौं कक्षाका बिध्यार्थीहरुलाई आमन्त्रण गर्नु भयो र एउटा व्यक्तिले कण्ठ गर्ने होइन कि आत्मसात गर्नु पर्दछ भन्ने तथ्यको बारेमा कुरा गर्नु भयो, बिद्यार्थीहरुले कुन कुरालाई आत्मसात गर्नु आवश्यक छ र कुन कुरालाई अस्विकार गर्नु पर्दछ भन्ने मुल्यांकन गर्न हृदयको उपयोग गर्नु पर्दछ र शिक्षकहरुले पनि यसै प्रकारले गर्न मार्ग दर्शन गर्नु पर्दछ ।

उहाँले LMOIS का बाहौं कक्षाका बिध्यार्थीहरुलाई आमन्त्रण गर्नु भयो र एउटा व्यक्तिले कण्ठ गर्ने होइन कि आत्मसात गर्नु पर्दछ भन्ने तथ्यको बारेमा कुरा गर्नु भयो, बिद्यार्थीहरुले कुन कुरालाई आत्मसात गर्नु आवश्यक छ र कुन कुरालाई अस्विकार गर्नु पर्दछ भन्ने मुल्यांकन गर्न हृदयको उपयोग गर्नु पर्दछ र शिक्षकहरुले पनि यसै प्रकारले गर्न मार्ग दर्शन गर्नु पर्दछ ।

एउटा अभ्यासीले यो अनुभव बताए कि जुन समयमा तिनी सफाई गरिरहेका थिए उनले एउटा ढिक्का उनको शरिरबाट गईरहे को अनुभव गरे र उनि यस अनुभवबाट त्रसित भए, मालिकले जवाफ दिनुभयो यो त्रासको आवश्यकता छैन, हेर्नुहोस, सबै व्यक्ति एक दिन मर्दछन् नै र यो अपरिहार्य छ, यस्तो भएको हुनाले हामी कुनै पनि कुराको डर किन मान्ने ?

मार्च, २०१३

मालिक मार्चको सुरु देखि नै गायत्रीमा बसिरहनु भएको छ जब कि कटेजमा काम अन्तिम चरणमा पुगिसकेको थियो, ब्रदर कृष्ण कामको अनुगमन गर्न नियमित रुपमा कटेज गईरहनु भएको छ, एउटा ठुलो दल पनि कटेजको वरिपरीको चौरमा काम गरिरहे काछन् । अधिकांश मध्यान्हमा मालिक नया टिभी सिरियल "उपनिषद् गंगा"का खण्डहरु हेर्ने गर्नु भएको छ, उहाँ यो खण्डहरु मा पूर्णरुपमा मग्न हुनुभएको छ जुन उहाँले विषयवस्तुको रुपमा मात्रै होइन निर्देशनको दृष्टिले पनि राम्रो छ भएर अनुभव गर्नु भयो, मार्च १४ बुधवारको दिन मालिकलाई खुट्टामा कडा पिडा भयो र उहाँलाई परीक्षणको लागि अस्पताल लगियो, उहाँलाई कम्तिमा दुइ

तीन दिनसम्म नहिड्न सल्लाह दीईयो र पिडा कम गर्ने औषधिहरु दीईयो ।

पुन:निर्मित कटेजको उद्घाटन

मार्च २२, शुक्रवारको दिन मालिक ध्यानहरुमा बिहानको ८:२१ मा आउँनु भयो, धेरै अभ्यासीहरु अझै जम्मा भइरहेका थिए, मालिकले धैर्यपुर्वक पन्द्रह मिनेटसम्म प्रतिक्षा गर्नुभयो, त्यसपछि सत्संग संचालन गर्नु भयो जुन करिब पन्द्रह मिनेटसम्म चल्यो, एउटा स्वयमबर गराउनु भएपछि मालिकले तीनवटा नयाँ पुस्तकहरु विमोचन गर्नु भयो, त्यसपछि उहाँ कटेजमा जानुभयो र जब उहाँले प्रवेश गर्नु भयो , उहाँले भन्नुभयो "यो ६ महिना भैसक्यो जब म कटेजबाट निस्किएको थिए" उहाँले रिबन काट्नु भयो र हलको बीचमा दियो बाल्नु भयो, उहाँले आफ्नो शयनकक्षमा प्रसाद अर्पण गर्नु भयो र त्यहाँ उपस्थित सबैलाई वितरण गर्नुभयो, एउटी बहिनीले उल्लेख गरिन कि उनको तीसौ जन्मदिनमा उनले बुढी भएको अनुभव गरिन् , मालिकले भन्नु भयो "म तिम्रो उमेरको तीन गुणा बढी छु तापनि म आफुलाई युवा महसुस गर्दछु, उमेरको साथ साथै बुद्धिमता आउदछ, म बुढो अनुभव गर्दिन, मेरो शरिर मात्र बुढो छ" अर्को अभ्यासी जो यु. एस. ए. बाट आएका थिए, उनले सोधे "मालिक म शारीरिक बिछोडलाई कसरी सामना गरौ?" मालिकले भन्नुभयो "जुनसुकै बेला पनि जब तिमी एक्लै छौ, यो विचार गर कि मालिक ठिक तिम्रो अगाडी बसिरहनु भएको छ" अभ्यासिले भने "म त्यसरी विचार गन सक्दछु तर म यो आशंका गर्न थाल्दछु कि यो वास्तविक हो कि हो इन" मालिकले भन्नु भयो "पश्चिमा अभ्यासीहरुको समस्या नै यही हो आशंका बुद्धिबाट उत्पन्न हुन्छ, जब बैज्ञानिकहरु भन्दछन् कि अणुको अस्तित्व छ, तपाई यसलाई विश्वास गर्नु हुन्छ, तपाई यसलाई किन शंका गर्नु हुदैन? के तपाईले कहिले अणु देख्नु भएको छ ? यति नै विज्ञान र आध्यात्मिकताको बिचमा फरक छ कि विज्ञानले जे भन्दछ हामी विश्वास गर्दछौ तर हामी आध्यात्मिकतालाई शंका गर्दछौ ।

अष्टांग योग र सहज मार्ग

मार्च २७ गते बुधबार होलीको दिन थियो, उहाँ अत्यन्त थकित भएपनि उहाँले प्रसन्नतापुर्वक थुप्रै अभ्यासिहरुसित भेट गर्नु भयो मालिकको परिवार विहानको करिब आठ बजे तिर आउनु भयो, जस्तो कि त्यो दिन भार्गवको जन्म दिवस थियो, मालिकले प्रसाद अर्पण गर्नु भयो र आफ्नो कार्यालयमा सत्संग संचालन गर्नु भयो, मध्यान्हमा मालिकले उपनिषद् गंगाको दुई खण्ड हेर्नुभयो र त्यसपछि त्यहाँ सहज मार्ग कसरी योगको परम्परागत आठ चरणबाट विकसित भयो भन्ने विषयमा छलफल भयो, मालिकले भन्नु भयो "यम र नियम घरमा माता पिता तथा विधालयमा शिक्षकहरुबाट सिक्नु पर्दछ, आसन र प्राणायाम - जब हामी ध्यान गर्दछौ, स्वास आफै नै सामान्य रुपमा नै नियमित हुन जान्छ, जब तपाई अत्यन्त नै गहिरो ध्यानमा हुनुहुन्छ तपाई दुई तीन मिनेट सम्म पनि सास फेर्नु हुदैन, त्यसैले यो स्वचालित छ, त्यसपछि छोड्ने कुरा, प्राप्त गर्ने कुरा, सबै कुराहरु जान्छन्, ध्यान हामीहरु गरिरहेका छौ, समाधि भनेको योगले भनेको ढुंगा जस्तो समाधि हो इन , बुझ्नु भयो, तर यो एउटा आन्तरिक अवस्था हो जुन सुरु आतमा थियो, सुरुआतको अर्थ हो सम्पूर्ण समयको सुरुआत, त्यसैले यहि कुरा हो जुन हामीलाई सहज मार्गले सिकाउँदछ, र जब तपाइ ध्यानमा गहिराईमा जानु हुन्छ तपाई यो अनुभव गर्नु हुन्छ, उदाहरणको लागि, आज बिहानको ध्यान, म तुरुन्तै बाहिरिए, जब मैले भने "कृपया सुरु गर्नु होस "म बाहिरिए, जस्तो कि म भनिरहेको थिए, अब म बुझ्दछु कि महासमाधिको अर्थ के हो, किनभने, ध्यानमा तपाई बाहिर निस्कनुहुन्छ, कहिले फर्किएर नआऊँनको लागि, यसबाट बाहिर निस्कनु झन् झन् कठिन हुन जान्छ, कहिले काहिँ जब म सिटिंग सुरु गर्दछु , एक घण्टा बित्दछ र म सोच्दछु यो केहि सेकेण्ड मात्र भएको छ, र दुई तीन वटा अवसरमा, म भ्रमित भए "यति मात्रै" भन्ने हो कि "कृपया सुरु गर्नु होस" भन्ने हो , त्यसैले मैले मेरो आखाँ खोलें र मैले सबै व्यक्तिहरुलाई ध्यान गरिरहेको देखें र मैले भने "यति नै हो" ।

पहिलो हप्तामा नयाँ कटेजमा मालिक खान खानको लागि खाने कोठामा जाने प्रयत्न गरिरहनु भएको थियो तर पछि उहाँले आफ्नै कोठामा खाना खान सुरु गर्नु भयो, उहाँको खुट्टामा पिडा भैरहेको थियो, विशेष गरेर जब उहाँ हिडीरहदा फर्किनु हुन्थ्यो र उहाँको घूँडामा कडा पिडा थियो ।

एक दिन एउटी बहिनी पुणेबाट मालिकलाई भेट्न आफ्नी छोरि सहित आएकी थिईन जो भेटेनरी चिकित्सक बन्न पढिरहेकी थिइन् र मालिक उनको पढाईमा अत्यन्त चाख लिरहनु भएको थियो र तिनलाई उनले गरेको विभिन्न शल्यक्रियको बारेमा सोध्नुभयो ।

मालिकलाई यो जानकारी गराइयो कि जबलपुर तथा गुन्ज बसोडाबाट अभ्यासिहरु आएकाछन् जो उहाँलाई भेट्न चाहन्छन्, उहाँ खूसी हुनुभयो र भन्नुभयो कि त्यो मेरो केन्द्र हो र तिनीहरुलाई बेलुकी पांच बजे आउन भन्नुभयो । अभ्यासिहरु जम्मा हुनु भन्दा पहिले नै मालिक तयार हुनुभयो र स्वयंसेवकहरुलाई उहाँको कुर्सि मिलाउनको लागि दुगुर्नु पर्यो , मालिकले सत्संग संचालन गर्नु भयो र त्यहाँ उहाँलाई भेट्न ठुलो भिड जम्मा भयो , त्यो अत्यन्त नै अव्यवस्थित थियो र एउटा व्यक्तिले मालिक दिक्क हुनुभएको स्पष्ट नै देख्न सक्दथियो, खानेकुराहरु पस्किएको थियो, मालिकको खुट्टा नछुनु भनेर बारम्बार दोहोर्याए पनि सबै अभ्यासिहरु त्यसो गर्न चाहिरहेका थिए, उहाँको कार्यतालिका जति सुकै व्यस्त र कडा भए पनि, मालिकले हामीलाई सन्तुलित जीवन कसरि बिताउने भनेर देखाउनु हुन्छ र उहाँको आफ्नो परिवार प्रतिको ध्यान हाम्रो लागि अनुसरण गर्नुपर्ने उदाहरण हो ।

आईतबार मार्च ३१ , २०१३

आर्थिक बर्षको समाप्ति भएको कारणले त्यो मालिकको लागि एकदमै ब्यस्त दिन थियो । बन्दढोका भित्र लेखाका समुहसँग उहाँको छलफल करिब तीन घण्टा सम्म चल्यो । मालिकले दिउँसोको खाना खानु भयो र त्यस पश्चात तुरुन्त गायत्री जानु भयो । उहाँले त्यहाँ केहि दिन बिताउनु भयो किनकि कटेजमा केहि मिलाउन जरुरी थियो । उहाको नातिनी माधरी चेन्नईमा भएको कारणले मालिकले उनीसगँ केहि समय बिताउने निर्णय गर्नुभयो । उहाँको कार्यक्रम जति ब्यस्त र कठिन भएता पनि मालिकले हामीलाई कसरी सन्तुलित जीवन जीउने देखाउनु भयो र उहाँको आफ्नो परिवार प्रतिको परवाह हामी सबैले अनुकरण गर्नुपर्ने एउटा उदाहरण हो ।

अप्रिल, २०१३

गायत्रीमा हुँदा राजनीतिज्ञहरुले कसरी आफ्नो शक्ति स्वार्थी ढंगले उपयोग गर्दछन् भन्ने विषयमा कुराकानी भएको थियो, मालिक हालसालै घटेको कति घटनाहरुको बारेमा सुनेर अत्यन्त विरक्त हुनु भएको थियो, पदमा बसेका व्यक्तिहरुले गरेको शक्तिको दुरुपयोग र भ्रष्टाचारको विषयले उहाँ अत्यन्त दुखि हुनुहुन्थ्यो र उहाँ यो उल्लेख गरिरहनु भएको थियो कि यो झन् झन् व्यापक हुँदै गईरहेको छ ।

एकदिन, चेरूकी (अमेरिकन इन्डियन) बाट एक जना बहिनी गायत्रीमा आई पुगिन्, उनले भर्खरै प्रारम्भिक सिटिंग लिन समाप्त गरेकी थिइन र मालिकलाई भेट्न आएकी थिइन्, मालिकले भन्नुभयो "तपाइ पहिलो अमेरिकन इन्डियन अभ्यासी हो, मेरो नजिक आउ, म तिमीलाई हेर्न चाहन्छु" मालिकले तिनको आँखामा गहिराई सम्म हेन भयो, उनले भनिन् कि उनको नाम गायत्री हो र मालिकले व्याख्या गर्नुभयो "जब मेरो छोरा पांच वर्षको थियो, हामीले त्यस समयमा यो घर बनायौं, यो सहज मार्ग भन्दा पहिलेको कुरा हो र हामी गायत्री

मन्त्रको अभ्यास गर्दथियौ, त्यसै हुनाले हामी त्यसको नाममा यस घरको नाम राख्यौ," मालिकले उनलाई उनको वास्तविक अमेरिकन इन्डियन नाम सोध्नु भयो र उनले भनिन् मलाई "लिटिल डियर" भनिन्थ्यो ।

मालिकले एक पाको दम्पतिलाई भेट गर्नु भयो जसले उहाँलाई भने कि उनीहरुका छोरा यू. एस. ए. मा छन् र भारत आउँन चाहदैनन् तसर्थ उनीहरु तिनलाई भेट्न यू. एस. ए. जादैछन् , मालिक अत्यन्त व्यग्र हुनुभयो र भन्नुभयो कि उहाँ यस्तो कुरालाइ पटक्कै स्वीकृति दिनुहुन्न, "यो मेरो तपाईहरुलाई निर्देशन हो तर तपाईहरु के गर्न चाहनुहुन्छ तपाईहरु निर्णय गर्न गर्नुहोस ।"

अप्रिल १२, शुक्रबारको दिन माधुरी लन्डनको लागि प्रस्थान गरिन् मालिक मणपक्कममा आश्रममा आउँनु भयो, उहाँहरुले नि स्पष्ट रुपमा उहाँको दाहिने खुट्टाको पिडामा हुनुको साथसाथै उहाँलाई दाहिने हातमा पनि पिडा थियो, अप्रिल १७, बुधबार मालिक मणपाक्कममा मिओत अस्पतालमा MRI स्क्यान गराउनको लागि जानु भयो जसले यो अवस्था उद्घाटित गर्यो कि एउटा अवधि सम्म रेडिएसन उपचारको आवश्यकता छ, चारैतिर एउटा उदास वातावरण व्याप्त रहेको थियो तर मालिकले २१ अप्रिल, आइतवारको दिन सत्संग संचालन गर्नको लागि ध्यान हलमा आएर सबैलाई अच्चमित पार्नु भयो र त्यसपछि ब्रदर चक्रपाणि द्वारा तालिममा दिइएको संवादमा पुरा समय बस्नु भयो, उहाँको अस्वस्थताले उहाँलाई उहाँको दैनिक काम, आध्यात्मिक काम वा प्रशासनिक काम गर्नबाट रोक्न सकेको छैन, पिडा र असुविधाको वावजुद पनि मालिक सबै कुराहरुलाई एउटा मुस्कानले सामना गर्नु हुन्छ र सदाको झैँ उज्यालो देखिनुहुन्छ, CT स्क्यानले समस्या लाई पुनः पुष्टि गर्यो , हामी सबै संगै प्रार्थना गरौ कि यो बाधा सिघ्र पार होस र हाम्रो मालिकले उहाँको तागत र राम्रो स्वास्थ पुनः प्राप्त गर्नुहोस ।

पोखरा सेन्टरको स्थापना

पोखरा नेपालको सबै भन्दा चर्चित पर्यटक गन्तव्य मध्ये एक हो । अन्नपूर्ण हिम श्रृंखला तथा माछा पुछे हिमालको काखमा अवस्थित यस उपत्यकामा सेन्टर खोल्नबे धोको बर्षौ अगाडि देखि थियो । गत गुरु पूर्णीमाको अवसरमा मालिकको कटेज बाहिर श्री राम चन्द्र मिशन ने पालको बोर्ड मिटिङ्ग हुँदा समेत यसको योजना बारे छलफल भएको थियो ।

गूरु कृपाले, हामीले पोखरा जाने निधो गऱ्यौं जुन विभिन्न कारणले पछि सरि रहेको थियो । ६ गते चैते दशैको दिन पारेर ब्रदर निरञ्जन र म बस चढेर पोखरा तिर लाग्यौं । खासै तयारी थिएन र त्यँहाका केहि ब्रदर निरञ्जनका परिचितहरुलाई खबर गरिएको थियो । तर चैते दशैका को चाड परेकाले धेरै जसो व्यक्तिहरु विभिन्न मठ मन्दिर तिर लागेको खबर थियो । हामी करिक ६ घण्टाको लामो यात्रा पछि करिब ३ बजे तिर पोखरा नगरपालिका प्रवेश गऱ्यौं । ब्रदर राजु श्रेष्ठ मिशनको किताव लिएर पहिले नै आइपुग्नु भएको थियो । यसलाई पनि संयोग नै मान्नु पर्छ कि मिशनको कुनै अमुक ठाँउमा काम परेको वेलामा उहाँको पनि फर्मासुटिकल्स कम्पनीको मार्केटिङ्गको काम परेकै हुन्छ ।

शनिवार विहान हामी ठिक ७:३० बजे हामी मासबारको आमा समुहको भवन गयौं त्यँहा करिब ७ देखि १० जना हाम्रो प्रतिक्षा गरिरहेका थिए । हामीहरु उपस्थित व्यक्तिहरुलाई सहज मार्ग ध्यान बारे भन्न थाल्यौं । ब्रदर निरञ्जनले सहज मार्गको जरा सनातन धर्ममा भएको र यो राजयोगमा आधारित ध्यान पद्धति भएको र पतंजलीको अष्टाङ्ग नियम यम, नियम, आसन, प्रणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधिमा आधारि त यस प्रकृतिक मार्गमा हामी सातौं सिढी अर्थात ध्यानबाट शुरुवात गर्छौं भन्नुभयो । यसै गरि मैले पनि सहज मार्ग ध्यानको चारवटा पाटो हरु ध्यान, सफाई, रात्री ९ बजेको सार्वभौमिक प्रार्थना र रात्री प्रार्थना बारे छोटकरीमा बेलिबिस्तार लगाए र सफाईको महत्वबारे जोड दिए । उनिहरुले के बुझे बुझेनन् बुझ्न बाकि नै थियो । तर हामीले रसभरि को स्वाद पाउन चाख्नु नै पर्छ भन्यौ । त्यो सत्र छोटकरीमा भएको ओ पन हाउस जस्तो थियो । त्यस पछि ईच्छुकहरुको नाम टिपियो र पहिला सिटिङ्गको शुरुवात भयो । १७ जना व्यक्तिले नाम लेखाए र त्यसै अनुसार सिटिङ्गको कार्यक्रम तय भयो र शनिवार ६ घण्टाको फरकमा दुई र आईतबार एक सिटिङ्ग दिने सल्लाह भयो । लगातार करिब साढे चार देखि पाँच घण्टाको अवधिमा ८ देखि ९ वटा सटिङ्ग दिईयो । पहिलो सटिङ्ग देखि नै अभ्यासीले हलुंगो तथा आनन्दको अनुभव गर्न थाले भने हामीलाई प्रष्ट के थाह भयो भने मालिकले पहिले नै प्रसस्त पूर्व कार्य गरि अभ्यासीहरुलाइ तयार गरिसक्नु भएको थियो । दुवै प्रशिक्षकको अनुभव साटासाट गर्ने क्रममा कुनै भख्खरको होइन कि कुनै नियमित अभ्यासीलाई सबै अभ्यासीहरुलाई सिटिङ्ग दिइरहेको जस्तो अनुभव भइरहेको थियो ।

हामी राती करिब ९ बजे सिटिङ्ग सकेर खाना खाइसकेर राती १०:३० तिर होटल पुग्यौ । सफाई तथा प्रार्थना सकेर सुत्यौं । शनिवार रात भरि पानी पर्यो । विहान ध्यान पश्चात ब्रदर भुपेन्द्रलाई यँहा भएको प्रगति बारे अवगत गराउनुका साथै पोखरा सेन्टर खोल्न अनुमतिको पहलकोलागि अनुरोध गर्दै ई मेल लेख्यौं । भोली पल्ट विहान जाडो थियो, हामी हल्का नास्ता लिएर करिब साढे सात बजे आमा मिलन केन्द्रको भवन पुग्यौं ।

फेरि ध्यान सम्बन्धि छलफल, ध्यानको प्रकुया र प्रश्न उत्तर गर्दा गर्दै ९ बज्यो । त्यस पश्चात अभ्यासीहरुलाई अन्तिम सिटिङ्ग दियौं । जम्मा १६ जना व्यक्तिहरुले तीन सिटिङ्ग पुरा गरि सहज मार्गअभ्यासी बन्नु भयो । सहज मार्गको आधारभुत पुस्तिकाहरु सबैले किने र केहिले त हाल सम्म नेपालीमा छापिएका सत्यको उदय, मेरो गुरुदेव तथा मानव विकासमा सद्गुरुको भूमिका पनि खरिद गरे ।

त्यसै स्थानमा शनिवारको सामुहिक सत्सङ्गको व्यबस्था हुने निश्चित गरेर र गर्नुपर्ने आवश्यक कार्यहरु बारे बिस्तार लगाएर हामी दिनको २ बजे माईक्रो बसमा चढेर काठमाण्डौं लाग्यौं । खाना नखाएकोले भोक त लागेको थियो तर पोखरामा सहज मार्गको उत्साहजनक शरु वातले साऱ्है सन्तोष र हर्ष लागेको थियो । नेपालमा सहज मार्गलाइ अझ कसरी अगाडि बढाउने भन्ने बारे छलफल गर्दै तथा भावी यो जनको खाका कोर्दा कोर्दै २००० फिटको फेवाताल छोडेर हामी ४००० फिट अग्लो डाँडा उक्लेर ८ बजे कलंकी पुगिसकेका थियौ । भोलि पल्ट ब्रदर भुपेन्द्रको ई मेलको जवाफ पढेर उत्साहित भयौं र मालिकको असीम कृपाले पोखरा सेन्टर पनि विधिवत रुपमा अस्तीत्वमा आयो र यो अब नवौं सेन्टर हुने भयो ।

(ब्रदर प्रशिक्षक चिरन्तन, काठमाण्डौ)

ईन्टरन्यास्नल स्कलरसीप प्रोगराम :

जनवरी २४ मा घरबाट दिल्लीको लागि कृष्ण र म रेल चढ्यौं २५ को राती २ बजे आर. के. पूरम आश्रम पुगियो । २७ तारीख रविबार बिहानबाट हाम्रो कार्यक्रम शुरुभयो । २८ तारीख बिहान सत्खोलको लागि शताब्दी एक्सप्रेसबाट हामी हिमालयतर्फ लाग्यौं । ४ बजे सत्खोल आश्रम पुगियो । मेनेजर तिवारीजीले हाम्रो स्वागत गर्नुभयो । २९ जनवरी देखि सुरुभएको कार्यक्रम फरवरी ४ सम्म सत्खोलको बसाई भयो । अपूर्व आनन्द र ध्यान लाग्ने रहेछ । यह"ाको लेकाली एकान्त जंगलको बिच अती दुर्गम भएता पनि अति आधुनिक साधन र श्रोतले भरिपूर्ण आश्रम रहेछ । समुद्र सतह भन्दा २००० मिटर को उचाईमा अबस्थित यो आश्रम बाबुजी महाराजले चारीजीलाई आदेश गरेर बनाउन लगाउनु भएको रहेछ । लेकाली बृक्ष चिर काफल गुर"ास बज्राठ आदीको जंगल, शान्त एकान्त स्थान सामुन्नेमा नन्दादेवी हिमाल हरहमेशा देखिने । पारीपट्टी अल्मोडा र रानीखेत झलमल्ल सहर जस्तैबसेका छन् । यो आश्रम भन्दा ७०० मिटर को उचाईमा ब्रदर कमलेशको अति अधुनिक सुन्दर घर रहे छ । फरवरी १ मा त्यो घर जस्को नाम हिमाद्री रहेछ अति सुन्दर फर्निचर र सामानले सजिएको रहेछ । मालिकले उद्घाटन समयमा सिटिङ्ग दिनुहुदा अग्नि प्रज्वलन गरेको ठाउ" आदी अपूर्व चिजहरु हेर्ने अवसर प्राप्त भयो ।

हामी १९ देशका ३९ जना स्कलरहरुको प्रमोटरहरुमा सर्वप्रथम ब्रदर अल्बर्टो र उँहाको श्रीमती, सिस्टर डलि, ब्रदर रुडी, सिस्टर छबी, ब्रदर कृष्चियन तथा उहांको श्रीमती इका नाकामुरा, सिस्टर डेनी लगायत १ २ जनाको टिम थियो । १२ जनाको समुहले माताले आफ्नो बच्चा लाईजसरी प्रेम र हेरचाह गर्छिन त्यसरी नै प्रेम र हेरचाह गरेका थिए ।

सत्खोल आश्रमको १ हप्ताको बसाईमा बिहान ५ देखि राति ९ सम्म अत्यन्तै कसीलो कायक्रमहरु संचालन भयो । फरवरी २ लालाजी महाराजको जन्मउत्सव भएकोले सत्खोल र अल्मोडा रानीखेत लगायत वरपरबाट धेरै अभ्यासीहरुको जमघट भएको थियो । आश्रममा कार्यक्रमहरु ब्रदर रुडी बाट संचालन भयो र साथै पुणेका अभ्यासीले बनाएको लालाजी महाराजको जिवनीमा आधारित फिल्म पनि प्रदश ंन गरियो । सत्खोल आश्रम (सत्य खोल) को बिशेषता जह"ा जतिखेर अ"ाखा बन्द गर्दा ध्यान लागिरहने औधि अलौकिक ठाउ" रहेछ ।

फरवरी ४ का दिन हामी सत्खोलको कार्यक्रमको अन्तिम दिन बिहान १० बजे हिड्यौं । फरवरी ५ का दिन हामी दिल्ली आश्रम र फरवरी ६ मा चेन्नईको लागि २ बजे दिनमा राजधानी एक्सप्रेस रेल चढ्यौं । फरवरी ८ को ९ बजे राती हामी चेन्नई स्थित मणपाक्कम आश्रम पुग्यौं । फरवरी १० देखि फरवरी २४ सम्म मद्रास बसाई भयो । कार्यक्रम अत्यन्त उच्च आध्यात्मिक स्तरको भएको थियो । सहजमार्गका लामो अनुभव संगालेका साधकहरु ब्रदर कमलेश, ब्रदर अल्बर्टो सिष्टर डली, सिष्टर डियाना, ब्रदर कृष्चियन, ब्रदर सुरज, ब्रदर तारा सुब्रमन्यम, ब्रदर आशिष, सिष्टर ललिता, ब्रदर र

ाजगोपालन, ब्रदर ज्याकी, ब्रदर अटो लगायतले विभिन्न बिषयमा बार्ता दिनुभयो । त्यहाँको कार्यक्रमको प्रभावले गर्दा ईश्वर र प्रकृति एवं जीवको बारेमा फरक र परिस्कृत धारणा बन्न गएको छ । जो मेरो अनुभूतिका आधारमा म बर्णन गर्दछु ।

मेरा अनुभूतिहरु :

पृथ्वी एउटै गाउ" हो र हृदयको भाषा हृदयले बुझ्छ । ईश्वरीय भाषा मौन हुन्छ र आध्यात्मको बाटो आशु"बाट शूरु हुन्छ । आत्मा र परमात्मा पिंजडा भित्रको सुगा र पिंजडा बाहिरको सुग"ा जस्तै हो । सत्य नित्य छ र के नित्य छ ? ईश्वर ।

ध्यान- कुवा, सफाई-बाल्टी,सतत् स्मरण-पानी, ईश्वरस"ग प्रेम गर्ने र संसारस"ग स्नेह गर्ने भन्ने थाहँ पाए । सम्भवमा बिश्वास गर्नु भरोसा हो र असम्भवमा बिश्वास गर्नु श्रद्धा हो भन्ने जाने । साथैजहा" अज्ञान छ त्यह"ा ज्ञान छ । जब अज्ञानको नाश हुन्छ तब अज्ञान र ज्ञान दुबै सकिन्छन् भन्ने समेत थाहँ पाए ।

संस्कारबाट प्राप्त भोग भोग्ने क्रममा यदि राम्रो भोग भोग्दा खुशी र नराम्रो भोग भोग्दा दुःख मानेमा ति भोगहरु दोहोरिएर आउ"छन् ,तसर्थ दुबै अवस्थामा बितराग हुनुपर्छ भन्ने ज्ञान पाए । संस्कारको अनिवार्य भोग जो दुःखपूर्ण हुन्छ , त्यसलाई संसारिक पदार्थ प्राप्तिबाट सजिलो चाहन्छौं तर उल्टै त्यसैबाट अरु संस्कार बन्दै जाने कुरामा हामी अनभिज्ञ छौं । दुःखको श्रृष्टि संस्कारबाट हुन्छ ,संस्कार अपूर्ण इच्छाबाट, अपूर्ण इच्छा अज्ञानताबाट आउ"छ । त्यसैले सम्पूर्ण दुःखको जड अज्ञानता हो भन्ने ज्ञात भयो ।

पुज्य मालिकको असीम प्रेमपुर्ण निमन्त्रणामा हामी सबै गायत्रीमा पुग्यौं र हामी सबैलाई खाजा नास्ता खुवाउदा हामीलाई लाग्यो आध्यात्मिक बात्सल्यमयी आमाको काखमा बसेर भोजन गरिरहेछौं । मालिकको मार्गदर्शनमा लक्षतिर अग्रसर हुने सुनिश्चितता झन् पक्का भएको अनुभव भयो र मालिकसगँ विताएको यो क्षण नै जीवनको अति नै अमुल्य समय थियो । मालिकलाई मेरो सादर सतत् प्रणाम ।

नयाँ प्रकाशनहरु

HeartSpeak 2010

Telugu
Tamil
Marathi
Malayalam
Kannada
Hindi
Gujarati

Whispers from The Brighter World
A Fifth Revelation



My Master
Tamil, Hindi

Role of the Master in Human Evolution
Marathi, Kannada, Malayalam

HeartSpeak 2012
English

HeartSpeak 2008
Kannada

Down Memory Lane
Vol1 Telugu



Complete Works of Ram Chandra
(Lalaji Maharaj) Vol 2
English

The Spider's Web - Vol 2
English



English

Role of the Master in Human Evolution
MP3 - English



Call of the Divine
DVD - English



Life of Babuji
DVD - Hindi

Journey into the Heart
DVD - English



HeartSpeak 2011
DVD - English



The Heart of Love
DVD - English



Satkhol - Heaven on Earth
DVD - English

Moments with the Beloved
DVD - English



Message of the Heart
DVD - English

Love and Death
MP3 - English

My Master
MP3 - English, Hindi, Tamil

HeartSpeak 2007
MP3 - English

अमलापुरम आश्रम, आन्ध्र प्रदेश

प्रकाशको केन्द्र

आमलापुरमा, एउटा मझौला आकारको बजार हो जुन आन्ध्र प्रदेशको पूर्वी गोदावरी जिल्लामा पर्दछ जुन राजामुन्द्रि सरहबाट ६० कि.मी. पर छ । काकिनाश र राजामुन्द्रि अमलापुरमसित जोडिएका दुईवटा सहरहरू हुन । यो आश्रम भारतको पूराना केन्द्र मध्य एउटा आश्रम हो र आन्ध्र प्रदेशमा बनाइएको तेस्रो आश्रम हो । यो चार दशक देखि आध्यात्मिकताको केन्द्र रहि आएको छ । यो आश्रम एकजना अभ्यासी पि.वि. रामुडुको माध्यमबाट सन् १९७१ मा अस्तित्वमा आयो । जसले सन् १९६९ मा मिसनमा प्रवेश गर्नुभएको थियो र उहाँले आफ्नो भित्र डा. असारी रामकृष्णलाई प्रवेश गराउनु भयो । र पछिल्लो व्यक्तिक केन्द्रको पहिलो प्रशिक्षक हुनुहुन्थ्यो र साप्ताहिक सत्सङ्ग उहाँको निवासमा हुने गर्थ्यो जसमा करिब पन्द्रह/बीस अभ्यासीलाई भाग लिने गर्द थिए । उहाँले अमलापुरम नगर पालिकामा ४८४ वर्ग राज जग्गा आश्रम निर्माणको लागि प्रस्ताव गर्नुभयो । वाबुजी महाराजबाट अनुमित प्राप्त गर्नुभएपछि अभ्यासीहरू उदारतापूर्वक दिएको चन्दाले त्यो स्थान खरिद भयो । यो स्थल सरकारी बस स्टपबाट १ कि.मी पर छ । पछि श्री मि.पि.डि. नागेश्वर CIC ले १० मार्च १९८२ मा आश्रम भवनको निर्माणको लागि जग हाल्नुभयो । निर्माण कार्य अठार महिनामा पूरा भयो । अभ्यासीहरूले यो आश्रम त्यस समयमा प्रयोग गर्न सुरु गरे जब उनीहरूले वाबुजी महाराजबाट यो समाचार पाए कि यो आश्रमको उद्घाटन भएको छ र प्रयोगको लागि तयार छ । पछि यो आश्रम औपचारिक रूपमा दिदी कस्तुरिले केन्द्रमा उहाँको भ्रमणको समयमा उद्घाटन गर्नुभयो ।

पछि श्री मि.पि.डि. नागेश्वर CIC ले १० मार्च १९८२ मा आश्रम भवनको निर्माणको लागि जग हाल्नुभयो । निर्माण कार्य अठार महिनामा पूरा भयो । अभ्यासीहरूले यो आश्रम त्यस समयमा प्रयोग गर्न सुरु गरे जब उनीहरूले वाबुजी महाराजबाट यो समाचार पाए कि यो आश्रमको उद्घाटन भएको छ र प्रयोगको लागि तयार छ । पछि यो आश्रम औपचारिक रूपमा दिदी कस्तुरिले केन्द्रमा उहाँको भ्रमणको समयमा उद्घाटन गर्नुभयो ।

पछि श्री मि.पि.डि. नागेश्वर CIC ले १० मार्च १९८२ मा आश्रम भवनको निर्माणको लागि जग हाल्नुभयो । निर्माण कार्य अठार महिनामा पूरा भयो । अभ्यासीहरूले यो आश्रम त्यस समयमा प्रयोग गर्न सुरु गरे जब उनीहरूले वाबुजी महाराजबाट यो समाचार पाए कि यो आश्रमको उद्घाटन भएको छ र प्रयोगको लागि तयार छ । पछि यो आश्रम औपचारिक रूपमा दिदी कस्तुरिले केन्द्रमा उहाँको भ्रमणको समयमा उद्घाटन गर्नुभयो ।

यो आश्रम अरू उपकेन्द्रहरूको नजिक छ जस्तो कि राजोल, जग्गनापेटा, नरासापुर र भनम । मालिकले यो आश्रममा आफ्नी पत्नी सिस्टर सुलोचना सहित १६ अप्रिल १९८६ मा भ्रमण गर्नुभयो र यहाँ दुई दिन बस्नुभयो ।

To download or subscribe to this newsletter, please visit http://www.sahajmarg.org/newsletter/india For feedback, suggestions and news articles please send email to in.newsletter@srcm.org

© 2013 Shri Ram Chandra Mission ("SRCM"). All rights reserved. “Shri Ram Chandra Mission", "Sahaj Marg", “SRCM”, “Constant Remembrance” and the Mission's Emblem are registered Trademarks of Shri Ram Chandra Mission.This Newsletter is intended exclusively for the members of SRCM. The views expressed in the various articles are provided by various volunteers and are not necessarily those of SRCM.